# नेपाल सरकार,कृषि तथा पशुपन्छी विकास मन्त्रालय,प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,

# परियोजना ब्यबस्थापन इकाई, खुमलटारको अनुदान सहयोगमा

# सार्वजनिक-नीजि साझेदारी अवधारणा अन्तर्गत सञ्चालित

# शीत भण्डार गृह निर्माण कार्यक्रमहरुको

# कार्यान्वयनको अवस्था सम्बन्धी अध्ययन विश्लेषण

अख्तियार दुरुपयोग अनुसन्धान आयोग,

टंगाल, काठमाडौं

(२०७६,फाल्गुण)

## क) पृष्ठभूमिः-

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यवसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्न समग्र कृषि मूल्य श्रृङ्खलाका अवयवहरूको (Components) एकीकृत संयोजन र परिचालनमार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकरण उन्मुख दिगो आर्थिक अवसरहरू सृजना गरी राष्ट्रको समग्र विकासमा टेवा पुऱ्याउने उद्देश्यले २०७३ श्रावण देखि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सञ्चालनमा आएको छ। नेपाल सरकारको दीर्घकालीन कृषि रणनीतिको (ADS) सहयोगीको रूपमा सञ्चालित यस परियोजनाले प्रमुख कृषि उपजहरूको विशिष्टिकृत क्षेत्रहरू निर्माण गर्ने, निर्यातयोग्य कृषि वस्तुहरूको मूल्य अभिवृद्धि गर्दै प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने, कृषिलाई सम्मानजनक नाफामुखी व्यवसायका रूपमा विकास गर्दै रोजगारीका अवसरहरू सृजना गर्ने र बहुसरोकारवाला निकायहरूबीचको कार्यमूलक समन्वयमार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने उद्देश्यहरु लिएको छ। कृषियोग्य जमिनको एकीकरण गरी चक्लाबन्दी गर्ने, सम्भाव्यता, भूगोल र बजारीकरणका दृष्टिले विभिन्न बाली-वस्तुहरूको व्यवसायीकरण एबं विशिष्टिकृत उत्पादन गर्ने, पूर्वाधार विकास र कृषकहरूको उन्नत प्रविधिमा पहुँच अभिबृध्दि एबं उत्पादित कृषिवस्तुहरूको उपलब्धिमा आधारित सहजिकरणका माध्यमबाट कृषकको प्रतिस्पर्धी क्षमता विकास गरी अन्तराष्ट्रिय रूपमा बजारमा प्रतिष्पर्धा गर्न र औद्योगिकिकरणमा सहयोग गर्नु परियोजनाको मूख्य अवधारणा रहेको छ।

परियोजनाले परिलक्षित उद्देश्य हासिल गर्न परियोजना अबधिभर विभिन्न बाली विशेषका आधारमा विभिन्न सम्भागहरु जस्तै साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम ; पकेटहरू १० हे.(१५००० पकेटहरु),व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम ; ब्लकहरू १०० हे.(१५००ब्लकहरु),व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम;जोनहरू ५०० हे.(३००जोनहरु) र बृहत व्यवसायिक कृषि उत्पादन तथा औद्यगिक केन्द्र (सुपरजोन) विकास कार्यक्रम;सुपरजोनहरू १००० हे.(२१ सुपर जोनहरु) छनौट गरि विभिन्न कृषि बिकासका कार्यक्रम सञ्चालन गर्दै आएको छ ।यसै सन्दर्भमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले आ.व २०७४/७५ र २०७५/७६ को स्वीकृत कार्यक्रम अनुसार विभिन्न मितिहरुमा लागत सहभागिताको आधारमा शीत भण्डार गृह निर्माणको

लागि प्रस्ताव आव्हान गरकोमा प्रस्ताव छनौट प्रकृयामा ऐन, नियम, विधि र प्रक्रिया नपुर्याई हचुवाको भरमा निर्णय गरेको भन्ने समेतको उ.द.नं.७२०७, मिति २०७५/०३/२५ को उजुरी निवेदन का सम्बन्धमा आयोग बाट छानबिन एवं प्राप्त कागज पत्रहरुको अध्ययन एवं बिश्लेषण गर्दा आयोजना अन्तर्गतका १३ वटा जिल्ला शीत भण्डारगृह निर्माणको लागि प्रस्ताव माग भएकोमा आ.व २०७४/०७५ मा ३० ओटा प्रस्तावहरुमध्ये बाँके र नुवाकोट जिल्लाबाट २ वटा मात्र प्रस्ताब छनौट भई सम्झौता समेत भई निर्माण कार्य प्रारम्भ भएको र आ.व २०७५/७६ मा माग भएका ३१ प्रस्तावहरु मध्ये ११ वटा प्रस्ताव छनौट भएकोमा हिमालय कोल्ड स्टोर्स, पोखरा र पलान्चोक कोल्ड स्टोर्स, काभ्रे गरी २ वटाले प्रस्ताव स्वीकृत भएर पनि सम्झौता नगरेको, मनाङ्गले सम्झौता भएर पनि आर्थिक वर्षको अन्त्यमा सम्झौता रद्द गरेको र ८ ओटा संग सम्झौता भएकोमा २ वटा बाहेक निर्माण कार्य सुरु नगरेको पाइएको।

समग्रमा, राज्यले शीत भण्डार गृह निर्माणको लागि एक अरव भन्दा धेरै रकम अनुदान दिएर पनि यी शीत भण्डार गृहको सञ्चालन मोडालिटी स्पष्ट नहुनु, त्यसबाट राज्यले पाउने प्रतिफलको बारेमा सम्झौतामा केही उल्लेख नहुनु, अनुदान दिँदा शीत भण्डार गृहको अलावा अन्य निर्माण कार्यहरुलाई पनि अनुदान दिनु, कार्यविधि बनाउदा राज्यको अनुकूल भन्दा पनि व्यक्तिगत फाइदाको लागि  पटक पटक संशोधन गरेको पाइएको।

**(ख) शीत भण्डार गृह स्थापना कार्यान्वयन स्थितिः-**

१.कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्राप्त प्रतिबेदन अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको आ.ब. २०७४/०७५ को स्वीकृत वार्षिक कार्यक्रममा शीत भण्डार निर्माण सम्बन्धी कार्यक्रम रहेको र उक्त कार्यक्रम कार्यान्वयन गर्न मिति २०७४/१२/६ मा "शीत भण्डार गृह स्थापना कार्यान्वयन कार्यविधि-२०७४"(नेपाल सरकार सचिवस्तर), निर्णयबाट स्वीकृत भएको देखिन्छ। शीत भण्डार गृह निर्माणको कार्यविधि, २०७४ को ३.१ क. अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको प्रमुख उद्देश्य परियोजना अन्तर्गत विशिष्टिकृत क्षेत्रमा उत्पादित बाली बस्तुहरुको गुणस्तर प्रवर्धन गरी बजारीकरणमा टेवा पुर्‍याउनु रहेको छ| ।

२.कार्यविधिको ४.१ मा शीत भण्डार स्थापना कार्यक्रम प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको विशिष्टिकृत उत्पादन क्षेत्रबाट उत्पादन भै आउने र बजारीकरणका दृष्टिकोणले सम्भाव्य तथा महत्वपूर्ण रहेका एवं कार्यक्रममा समाविष्ट भएका जिल्लाहरुमा स्थापना गरिने

शीत भण्डार स्थापना गर्न आबश्यक परिमाणमा कृषि उत्पादनको सम्भाव्यता भएको हुनुपर्ने उल्लेख भएको ।

३.परियोजनाले आ.व. २०७४/०७५ उक्त स्वीकृत कार्यक्रम अनुसार कोल्ड स्टोर निर्माणका लागि ७०% पूँजिगत अनुदानमा मेशीनरी उपकरणहरु समेतको कार्य गर्न निजि साझेदारी अवधारणामा शीतगृह निर्माण गर्न  विभिन्न १३ वटा जिल्लाहरु छनौट गरिएको देखिन्छ।

४.परियोजनाले निजी कम्पनीसँग साझेदारीमा शीत भण्डारगृह निर्माणको लागि मिति २०७४/११/२५ गते गोरखापत्रमा सूचना प्रकाशीत गरेकोमा १२ जिल्लाका ३० ओटा प्रस्तावहरु परेकोमा सिन्धुली जिल्लाको लागि कुनै पनि प्रस्ताव पेश नभएको, धादिङ र कास्की जिल्लाका लागि १/१ वटा, झापा, धनुषा, नुवाकोट जिल्लाका लागि २-२ वटा मात्र प्रस्ताव पेश भएको र कतिपय प्रस्तावहरुमा शिलबन्दी लाहा छाप नलगाएको त्रुटिहरु देखिएकोले सार्बजनिक खरिद नियमावली २०६४ को नियम ७० को उपनियम ८ बमोजिम पर्याप्त प्रस्तावहरु नपरेकोले सबै प्रस्ताबहरु रद्द गरी १५ दिनको म्याद दिई दोश्रो पटक पुनः शिलबन्दी प्रस्ताव माग गर्न सिफारिस गर्ने भनी मूल्यांकन समितिबाट मिति २०७५/१/९ गते बसेको बैठकमा निर्णय गरेको देखिन्छ।

५.प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले मिति २०७४/११/२५ गते गोरखापत्रमा शीत भण्डार निर्माण सम्बन्धि सूचना प्रकाशन गरेकोमा उक्त सूचना रद्द गरी मिति २०७५/१/१० मा पुन दोश्रो पटक १५ दिने शिलबन्दी प्रस्ताव माग भएकोमा परियोजना अन्तर्गतका विभिन्न जिल्लाहरुबाट ३१ वोटा प्रस्तावहरु पेश भएका र उक्त प्रस्ताबहरु मध्ये मिति २०७५/१/२५ मा पेश भएका नुवाकोट शीत भण्डार प्रा.लि बिदुर- ४, नुवाकोट र कैलाश कोल्ड स्टोर प्रा.लि बैजनाथ- ५, बाँके समेत गरी २ वटा कम्पनी मात्र छनौट भएको मिति २०७५/३/१५ मा सूचना प्रकाशीत गरेको।पहिलो र दोश्रो प्रस्ताव आव्हानमाछनौट भएका कम्पनीको पहिलो पटक परियोजनाको कुल लागत अनुमान रु.१७ करोड ८५ लाख र दोश्रो पटक १८ करोड ७८ लाख रहेको र कम्पनीको तर्फबाट व्यहोरिने लगानीका लागि बैंकको आशय पत्रमा उल्लिखित लगानी प्रतिशत पहिलोपटक ३५.५% र दोश्रोपटक प्रस्ताब आव्हानमा ४३.५% रहेको देखिन्छ।

६.परियोजनाले प्रस्ताव माग भएको समय सिमा भित्रै मिति २०७४।१२।२० मा टपकन ईन्जिनियरिङ्ग कन्सल्टेन्सी मार्फत तयार पारिएको शीत भण्डार गृह निर्माणको लागत अनुमान मिति २०७४/१२/२२ मा परियोजना निर्देशकले स्वीकृत गरेको तर आयोजनाको आफ्नो standard design नभएको र अनुदानग्राहीहरुले टपकन ईन्जिनियरिङ्ग कन्सल्टेन्सी मार्फत तयार पारिएको शीत भण्डार गृह निर्माणको डिजाइन र इष्टिमेट अनुसार शीत भण्डार गृह निर्माणको डिजाइन र इष्टिमेट पेश नगरेको पाइएको ।

७.२०७५/६/११ मा नेपाल सरकार (मा. मन्त्रीस्तर) को निर्णयबाट शीत भण्डार गृह स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७४ प्रथम पटक संशोधन भएको । कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७४(प्रथम संशोधन २०७५) अनुसार शीत भण्डार गृहको भौतिक पुर्वाधारहरुको निर्माण तथा मेशिनरी उपकरण खरिद र जडानको लागि नेपाल सरकारबाट बढीमा ७०% अनुदान प्राप्त हुने र घटीमा ३०% लागत (जग्गा बाहेक) कम्पनीले ब्यहोर्नुपर्ने व्यवस्था रहेको देखिन्छ।

८.आ.व. ०७५।७६ मा बाँकी रहेका ११ वटा जिल्लाहरुमा जिल्लागत प्रतिस्पर्धाको आधारमा मिति २०७५।०६।२३ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशीत भएकोमा जम्मा २८ वटा प्रस्तावहरु दर्ता भएको ।उक्त प्रस्तावहरु मुल्याङ्कन भई तपसील बमोजिमका प्रस्तावक कम्पनिहरु छनौट भई कार्य प्रारम्भ गरिएको र सो को स्थिति देहाय बमोजिम रहेको पाइएको ।

**<u>आ.ब. २०७४/०७५ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार छनौटमा परेका कम्पनीहरुको शीत भण्डार निर्माण गर्न लाग्ने लागत अनुमानः-</u>**

१.आ.ब २०७४/७५ मा छनौट भएको नुवाकोट शीत भण्डार प्रा.लि. बिदुर-४,नुवाकोटसँग मिति २०७५/३/२४ मा कूल लागत अनुमान रु.१८,७८,००,०००/ मा सम्झौता भए मध्ये परियोजनाले रु.१०,५०,००००० / अनुदान रकम उपलब्ध गराएको र अनुदानग्राही कम्पनीले रु. ८,२८,००००० / व्यहोर्ने रहेको र उक्त नुवाकोट शीत भण्डार प्रा. लि.को Civil structure को सम्पूर्ण काम पुरा भई हाल कुलिङ्ग कम्पोनेन्ट साथै अन्य मेसिनरिहरुको जडान कार्य भईरहेको जानकारी प्राप्त भएको | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बाट जानकारी भए अनुसार उक्त कम्पनीलाई सम्झौता भन्दा रु. ५५,००००० / बढी रकम भुक्तानी भैसकेको ।

२.बाँके जिल्लाबाट छनौट भएको कैलाश कोल्ड स्टोरेज प्रा. लि. बैजनाथ- ५, बाँकेसंग मिति२०७५/३/२८ गते कुल लागत रु.२२,३४,६२०००/मा सम्झौता भएकोमा परियोजनाले रु.११,५००००००/ नुदान रकम उपलब्ध गराएको र बाँकी रु.१०,८४,६२,०००/- अनुदानग्राहीले व्यहोर्ने ब्यबस्था भएको र हाल सम्म जमिन सम्याउने, फाउन्डेसनको काम, चौकीदार भबन निर्माण, पर्खाल निर्माणको काम सुरु भएको र हाल सम्म पेस्की रु.२,३०,००,०००/ भुक्तानी भएको र प्रथम किस्ताको भुक्तानीको लागि रनिङ्ग बिल लगायतका कागजातहरु पेश भएको ।

**<u>आ.ब. २०७५/०७६ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार छनौटमा परेका कम्पनीहरुको शीत भण्डार निर्माण गर्न लाग्ने लागत अनुमानः-</u>**

१.सुन्दरी फिस फार्म एण्ड एग्रो प्रोसेसर्स प्रा.लि.कटहरी गा.पा.-७ थलाहा मोरङ्गसँग परियोजनाले कुल लागत अनुमान रु.२३,६६,३४,१०७/४९ मा मिति २०७५/१०/२७ गते गरेको सम्झौता अनुसार परियोजनाबाट रु. १० करोड अनुदान रकम उपलब्ध गराउने र बाँकी रु. १३,६६,३४,१०७/४९ अनुदानग्राहीले व्यहोर्ने ब्यबस्था रहेकोमा सो कम्पनीले हालसम्म शीत भण्डार गृह निर्माणको काम सुरु नगरेको र रकम पेश्की पनि नलगेको ।

२.सफर एग्रो फार्म प्रा.लि. गोदावरी नगरपालिका-७ कैलालीसँग परियोजनाले कुल लागत अनुमान रु. २१,९४,२४,०००/मा मिति २०७५/१०/२७ गते सम्झौता गरेकोमा परियोजनाबाट रु.११ करोड अनुदान रकम उपलब्ध गराउने र बाँकी रु. १०,९४,२४,०००/- अनुदानग्राहीले व्यहोर्ने ब्यबस्था रहेकोमा पेश्की रकम लगि हाल सम्म पनि शीत भण्डार गृह निर्माणको काम सुरु नगरेको ।

३.निलम्बरी कोल्ड स्टोरेज प्रा.लि. हरीपुर न.पा.-८ सर्लाहीसँग परियोजनाले कुल लागत अनुमान रु.१९,५६,६५,०००/ मा मिति २०७५/११/२१ गते सम्झौता भएकोमा परियोजनाले रु.११ करोड रकम अनुदान उपलब्ध गराउने र बाँकी रु. ८,५६,६५,०००/- अनुदानग्राहीले व्यहोर्ने ब्यबस्था रहेकोमा पेश्की रकम लगि हाल सम्म पनि शीत भण्डार गृह निर्माणको काम सुरु नगरेको ।

४.मायादेवी एग्रो फार्म प्रा.लि. कपिलवस्तु न.पा.-६ कपिलवस्तुसँग कुल लागत अनुमान रु.२४,५२,४४,५५७/- रहेकोमा मिति २०७५/१२/२१ गते सम्झौता भएकोमा परियोजनाले रु.९,६८,००,०००/- अनुदान रकम उपलब्ध गराउने र बाँकी रु. १४,८४,४४,५५७/७० अनुदानग्राहीले व्यहोर्ने ब्यबस्था रहेकोमा पेश्की रकम लगी हाल सम्म पनि शीत भण्डार गृह निर्माणको काम सुरु नगरेको ।

५.कोशी कोल्ड स्टोर प्रा.लि. रामधुनी न.पा.-९ सुनसरी सँग कुल लागत अनुमान रु.२४,८७,०९,०००/-मा परियोजनाले मिति २०७५/१२/२१ गते सम्झौता गरेकोमा परियोजनाको अनुदान रकम रु.९ करोड अठसठ्ठी लाख रहेको र बाँकी रु. १५,१९,०९,०००/अनुदानग्राहीले व्यहोर्ने रहेकोमा हाल सम्म पनि शीत भण्डार गृह निर्माणकोलागि रकम पेश्की नदिइएको र काम सुरु नभएको।

६.क्वालीटी कोल्ड स्टोरेज प्रा.लि. गजुरी गा.पा.-६ धादिङ्गसँग कुल लागत अनुमान रु.२०,५३,३६,९१७/-मा परियोजनाले मिति २०७५/१०/१६ गते सम्झौता गरेकोमा परियोजनाले रु.११,५०,००,०००/ रकम अनुदान उपलब्ध गराउने र बाँकी रकम रु. ९,०३,३६,९१७/-, अनुदानग्राहीले व्यहोर्ने व्यवस्था भएकोमा पेश्की रकम लगि सो शीत भण्डार निर्माणको काम भै रहेको ।

७.ग्रीन फरेष्ट्री एग्रीकल्चर प्रा.लि. मिथिला न.पा.-७ धनुषासँग परियोजनाले मिति २०७५/१०/१७ गते कुल लागत अनुमान रु.१९,५०,००,०००/-, मा सम्झौता गरेकोमा परियोजना बाट रु.११,५०,००,०००/ अनुदान रकम उपलब्ध गराउने र बाँकी रु.८,१२,७५,०००/- अनुदानग्राहीले व्यहोर्ने ब्यबस्था भए अनुसार पेश्की रकम लगि निर्माणको काम सुरु भएको।

८.दिव्य शीत भण्डार प्रा.लि. विर्तामोड न.पा.-२ आदर्श टोल झापासँग परियोजनाले मिति२०७५/१२/२१ गते कुल लागत अनुमान रु.२४,८७,०९,०००/- मा सम्झौता गरेकोमा परियोजनाले रु.९,८०,००,०००/- रकम अनुदान उपलब्ध गराउने र बाँकी रकम रु.१४,९२,०६,८३९/२४ अनुदानग्राहीले व्यहोर्ने ब्यबस्था रहेकोमा पेश्की रकम लगि हाल सम्म पनि शीत भण्डार गृह निर्माणको काम सुरु नगरेको।

**(ग) शीत भण्डार गृह स्थापनामा पेश्की स्वरुप भुक्तानी भएको रकमको विवरणः-**

शीतभण्डार गृहको लागि नेपाल सरकार, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,परियोजना व्यवस्थापन इकाई खुमलटारबाट आ.ब.२०७५/०७६ को लागि वार्षिक स्वीकृत कार्यक्रम अनुसार ८ (आठ) वटा कम्पनीहरुसँग सम्झौता गरीएकोमा निलम्बरी कोल्ड स्टोर प्रा.लि. सर्लाहीलाई रु.२,२०,००,०००/-, ग्रिन फरेस्ट्री एण्ड एगृकल्चर प्रा.लि. धनुषालाई रु.२,३०,००,०००/-क्वालिटी कोल्डस्टोर प्रा.लि. धादिङ्गलाई रु.२,३०,००,०००/-, मायाँदेवी एग्रो फार्म प्रा.लि. कपिलवस्तुलाई रु.१,९३,६०,०००/-, सफर एग्रो-फार्म प्रा.लि. गोदावरी कैलालीलाई रु.२,२०,००,०००/- गरी पाँच वटा कम्पनीहरुलाई प्रथम किस्ता स्वरुप पेश्की रकम जम्मा रु.१०,९३,६०,०००/- उपलब्ध गराइएको देखिन्छ।मनाङ्ग जिल्लाको एग्रो मनाङ्ग प्रा.लि.सँग सम्झौता भएकोमा उक्त कम्पनी संग सम्झौता रद्द भएको र पलान्चोक भगवती कोल्डस्टोर, काभ्रे र हिमाल कोल्डस्टोर, कास्कीसँग अझै सम्म पनि सम्झौता नभएको ।

शीत भण्डार गृहहरु मध्ये नेपाल सरकार, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना व्यवस्थापन इकाई खुमलटारबाट आ.ब. २०७४/०७५ र २०७५/०७६ मा छनोटमा परी निर्माणको कार्य शुरु गर्न पेश्की रकम लिएको शीतभण्डार निर्माण गर्ने कम्पनीहरु मध्ये झापा, मोरङ्ग, सुनसरी, सर्लाही, कपिलबस्तु र कैलाली जिल्लामा शीतभण्डार निर्माण गर्न पेश्की लिएका तर हालसम्म पनि निर्माण कार्य नगरेका कम्पनीहरुले लगेको पेश्की रकम फिर्ता लिई सम्झौता रद्ध गर्ने नेपाल सरकार कृषि मन्त्रालय, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियजना, परियोजना व्यवस्थापन इकाई खुमलटारबाट मिति २०७६।१०।२६ मा निर्णय भए पश्चयात उल्लेखित जिल्लाका कम्पनीहरु मध्ये मोरङ्ग र सुनसरीका कम्पनीहरुले मोविलाईजेसन पेश्की रकम बुझेर नलगेको।झापा, सर्लाही, कपिलवस्तु र कैलालीका कम्पनीहरुले लगेको पेश्की रकम नेपाल सरकारको सार्वजनिक कोषमा तथा परियोजनाको खातामा दाखिला भएको भनी सो परियोजनाको

च.नं. ६४३ मिति २०७६।११।२२को पत्रबाट  बैक भौचरको छाँया प्रति समेत मेल मार्फत जानकारी प्राप्त भएको ।

**(घ) प्रारम्भिक अध्ययनमा देखिएका ऐन कानून विपरितका कार्यहरू :-**

१.नेपाल सरकारको प्रचलित अनुदानको कार्यविधिलाई कानूनी आधार बिना परिवर्तन गरी आफ्नो अनुकूल बनाएको, सम्भाव्यता अध्ययन र कुनै आधार बिना शीत भण्डार गृहलाई अनुदान दिने गरी जिल्लाहरू नै तोकेर बजेट र कार्यक्रम राखेको |

२.कार्यविधिको ४.१ मा शीत भण्डार गृह स्थापना कार्यक्रम विशिष्टीकृत उत्पादन क्षेत्रबाट उत्पादन भै आउने र बजारीकरणका दृष्टिकोणले सम्भाव्य तथा महत्वपूर्ण रहेका एवं कार्यक्रममा समाविष्ट भएका जिल्लाहरूमा सञ्चालन गरीने र शीत भण्डार स्थापना गर्न आवश्यक परिमाणमा कृषि उत्पादनको सम्भाव्यता भएको हुनुपर्ने उल्लेख भएकोमा शीत भण्डार गृह स्थापना छनौट गर्दा आयोजना अन्तर्गत जिल्लाहरूमा विशिष्टीकृत बालीको उत्पादनलाई ध्यान नदिएको, केही जिल्लामा परियोजनाको जोनहरू स्थापना हुनु अगाबै शीत भण्डार गृह स्थापनाको लागि बजेट र कार्यक्रम राखेको र अनुदानका लागि छनोट गरीएको।

३.प्रधामन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत जोन र सुपर जोन स्थापना हुनु अगाबै कोल्ड स्टोर स्थापनाको लागि बजेट छुट्याउनु र सम्बन्धित जोन र सुपरजोन  कार्यालयलाई संलग्न नगराई परियोजनाको परियोजना व्यवस्थापन इकाईले (केन्द्र)  कोल्ड स्टोर निर्माण सम्बन्धी कार्य गरेको।

४.कार्यविधि अनुसार शीत भण्डार गृह कार्यक्रम कार्यविधि, २०७४ को शि. नं ४.३ मा भएको व्यवस्था अनुसार जोन र सुपर जोन सञ्चालन गर्ने कोल्ड स्टोर निर्माणको प्रस्ताव मूल्याङ्कन समितिमा सम्बन्धित जोन वा सुपर जोनको वरिष्ठ कृषि अधिकृतको व्यवस्था भएता पनि उक्त प्रस्तावहरू छनौटमा ती निकायहरूका प्रमुख वा प्रतिनिधिहरू समाबेश नगरीएको ।

५.स्वीकृत कार्यक्रम अनुसार प्रतिस्पर्धाको आधारमा निजी कम्पनीसँगको साझेदारीमा कोल्ड स्टोर निर्माण तथा सञ्चालन गर्न मिति २०७४/११/२५ मा गोरखापत्रमा सूचना प्रकाशीत गरेकोमा १२ जिल्लाका ३० वटा प्रस्तावहरू परेकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० को उपनियम ८ बमोजिम पर्याप्त प्रस्तावहरू नपरेकोले सबै प्रस्तावहरू रद्द गरी पुनः दोश्रोपटक १५ दिने म्याद थप गरी प्रस्ताव माग गर्नेगरी मिति २०७५/१/९ को निर्णय अनुसार २०७५/१/१० मा दोश्रोपटक सूचना प्रकाशीत गरेकोमा पुरानो प्रस्तावहरू मध्येकै नुवाकोट शीत भण्डार प्रा.लि. विदुर-४, नुवाकोट र कैलाश कोल्ड स्टोर प्रा.लि. बैजनाथ-५, बाँके

गरी २ वटा कम्पनी मात्र छनौट भएकोमा प्राप्त डकुमेन्टहरू अध्ययन गर्दा सम्बन्धित कम्पनीहरूलाई योजना दिने उद्देश्य राखिएको ।

६.संशोधित कार्यविधि, २०७४ को बुँदा ९ को अन्तिम बुँदा ६ मा अनुदानको सही सदुपयोग सन्तोषजनक प्रगति तथा बित्तिय प्रगतिको आधारमा निकाशा दिइने छ। यस सम्झौता अनुसार निर्माण हुने शीत भण्डारगृह निर्माणपश्चात् स्थानीय निकायमा समन्वय गरी गर्नुपर्ने छ । कम्तिमा तीन ओटा निर्माण व्यवसायीसँग दरभाउपत्र माग गरी न्यून रकम कबोल गर्ने निर्माण व्यवसायीमार्फत निर्माण कार्य अगाडि बढाउनुपर्ने छ भनिएको छ । यसरी राज्यबाट प्रदान गरीने करोडौं अनुदान रकम दरभाउपत्र मार्फत निर्माण गरीनु सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ विपरित कार्य भएको देखिएको । उक्त दरभाउपत्र मार्फत निर्माण गर्दा कम रकम बोलकबोल भएमा शीत भण्डार गृह निर्माण कार्यमा बचत भएको रकमको दायित्व कसको हुने भन्ने बारेमा सम्झौतामा केही उल्लेख नभएको।

७.परियोजनाले प्रस्ताव माग अगाबै मिति २०७४।१२।२० मा टपकन ईन्जिनियरिङ्ग कन्सल्टेन्सी मार्फत शीत भण्डार गृहको डिजाइन इष्टिमेट र लागत अनुमान तयार गरेतापनि आयोजनाले प्रस्ताब आव्हान गर्दा परियोजनाको आफ्नो आबश्यकता (requirements) र standard design उल्लेख नगरी सूचना प्रकासन गरेको कारण अनुदानग्राहीहरुले टपकन ईन्जिनियरिङ्ग कन्सल्टेन्सी मार्फत तयार पारिएको शीत भण्डार गृह निर्माणको डिजाइन र इष्टिमेट अनुसार डिजाइन र इष्टिमेट पेश नगरी आफ्नै किसिमले डिजाइन र इष्टिमेट गरेको, अनुदानग्राहीहरुले एकै किसिमको निर्माण कार्यमा पनि फरक फरक दररेट पेश गरेकोले वास्तविक लागत अनुमान गर्न हुन नसकेको।

८.शीत भण्डार गृह स्थापना कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७४ अनुसार कृषि उपजहरूको उत्पादन उप्रान्तको क्षति न्यूनीकरण, गुणस्तर प्रवर्धन, आवश्यक परिमाणमा उपलब्धता सुनिश्चित गर्न र व्यवसायिक तथा औद्योगिक उत्पादन एवं बजारीकरणका लागि शीत भण्डार सुविधा विकास गर्न आ.व. २०७४/०७५ को स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम प्रतिस्पर्धाको आधारमा निजी कम्पनीसँग साझेदारीमा शीत भण्डार गृह निर्माणका लागि ७०% पुँजीगत अनुदानमा मेशिनरी उपकरणहरू समेतको कार्य गर्नेगरी कार्यविधि बनाएको र उक्त कार्यविधि तयार गर्दा नेपाल सरकारको पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ को दफा २४ अनुसार (२५% मात्र अनुदान व्यवस्था भएकोमा) भएको नदेखिएको।

९.कार्यविधि अनुसार प्रथम किस्ता भुक्तानीका लागि तय भएका क्रियाकलापहरू जस्तै होडिंगबोर्ड, main building structures work र foundation of column and beams आदि सम्पन्न

भएपछी मोबिलाईजेसन बापत प्रथम किस्ता पेस्की दिने भनेकोमा कतिपय शीत भण्डार गृह निर्माणको लागि यी सर्त पुरा नहुदै पनि पेस्की रकम दिएको देखिन्छ ।

१०.प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना व्यवस्थापन इकाई, खुमलटारबाट आ.ब.२०७५/०७६ को लागि वार्षिक स्वीकृत कार्यक्रम अनुसार ८(आठ) वटा कम्पनीहरूसँग सम्झौता गरीएकोमा निलम्बरी कोल्डस्टोर प्रा.लि. सर्लाही- रु.२,२०,००,०००/,ग्रिन फरेस्ट्री एण्ड एगृकल्चर प्रा.लि. धनुषा -रु.२,३०,००,०००/-,क्वालिटी कोल्ड स्टोरेज प्रा.लि. धादिङ्ग- रु.२,३०,००,०००/-,मायाँदेवी एग्रो फार्म प्रा.लि. कपिलवस्तु-रु.१,९३,६०,०००/-,सफर एग्रो फार्म प्रा.लि. गोदावरी कैलाली -रु.२,२०,००,०००/-,गरी पाँच वटा कम्पनीहरूलाई प्रथम किस्तास्वरुप पेश्की रकम रु.१०,९३,६०,०००/-भुक्तानी गरीएकोमा ग्रिन फरेस्ट्री एण्ड एगृकल्चर प्रा.लि. धनुषा र क्वालिटी कोल्ड स्टोरेज प्रा.लि. धादिङ्ग बाहेक अन्य फर्महरूले अझै सम्म निर्माण कार्य शुरु गरेको देखिएन।

११.निर्माण व्यवसायी छनौट गरी Contract award गर्दा एकैपटक सबै निर्माण कार्यको लागि दिने कि सिभिल निर्माण, मेसिनरी जडान र Puf-panel लाई अलगअलग गरेर ठेक्का गर्न सकिने नसकिने सम्बन्धमा के गर्ने र सम्बन्धित कोल्ड स्टोरको नाममा VAT बिल जारी गर्ने कि निर्माण व्यवसायीले जारी गरेको VAT बिल कार्यालयमा पेश गर्ने भन्ने विषयमा सम्झौतामा उल्लेख नभएको ।

१२.सम्झौता अनुसार अनुदानग्राहीले लगानी गर्नुपर्ने रकम लगानी गरे नगरेको सुनिश्चत गर्ने संयन्त्र नभएको र सम्झौता अनुसार अनुदानग्राहीले खरिद गर्ने मेसिन औजारको खरिद प्रकृया स्पष्ट नभएको।

१३.कार्यविधि अनुसार शीत भण्डार गृह कार्यक्रम कार्यविधि, २०७४ को अनुसूची १ मा उल्लेख भएको। शीत भण्डार गृह स्थापनार्थ आवश्यक पर्ने मापदण्ड अन्तर्गत बुँदा २ मा उल्लेख भएको विधान/प्रबन्ध पत्र/नियमावली/दर्ता प्रमाणपत्रमा उद्देश्य शीत भण्डार गृह स्थापनार्थ सञ्चालन हुनुपर्ने भनेकोमा मायादेवी एग्रो फर्म प्रा.लि., कपिलवस्तुको प्रबन्धपत्रमा शीत भण्डार गृहको उद्देश्य उल्लेख नभएको ।

१४.संशोधित कार्यविधिको बुँदा नं ३ मा कृषि उपज भण्डारणको लागि शीत भण्डार गृह स्थापना गर्न कम्तिमा ५००० मेट्रिक टन क्षमताको मल्टी च्याम्बर शीत भण्डार गृहको लागि न्यूनतम ६५००० वर्ग मिटर (१ बिघा) उपयुक्त जग्गा कम्पनीको आफ्नो नाममा वा प्रोपाइटरको नाममा हुनुपर्ने छ।करारनामाको जग्गा मान्य हुने छैन भनी उल्लेख भएकोमा कोशी कोल्ड स्टोर, सुनसरी र मायादेवी एग्रो फर्म प्रा.लि., कपिलवस्तुले ४८४० मे.टन र दिब्य शीत भण्डार प्रा.लि. झापाले पेश गरेको ४९५० मे.टन क्षमताको शीत भण्डार गृह प्रस्ताव स्वीकृत भएको पाइएको । दिब्य शीत भण्डार प्रा.लि. झापा, सुनसरी फिस एण्ड एग्रो प्रा.लि.

सुनसरी, निलम्बरी कोल्ड स्टोर प्रा.लि. सर्लाही र कोशी कोल्ड स्टोर प्रा.लि. सुनसरीको जग्गा कम्पनीको नाममा नभएको।

१५.शीत भण्डार गृहको डिजाइन र इष्टिमेट तयार गर्दा एउटै प्रकृतिको शीत भण्डार गृह निर्माण कार्यको लागत पनि फरक फरक गरेको, अनुदान रकम पनि फरक गरेको र अनुदान दिँदा स्पष्ट कार्यविधि बिना व्यक्ति विशेषको आधारमा धेरै थोरै गरेको र निलम्बरी कोल्ड स्टोर, सर्लाही र ग्रीन फरेस्ट्री प्रा.लि., धनुषाका एकै घर परिवारमा दुईओटा अनुदान दिएको र अनुदान दिँदा शीत भण्डार गृह निर्माण अलावा अन्य निर्माणहरू (कर्मचारी आबास, चौकीदार घर, पर्खाल निर्माण आदि) लाई पनि अनुदान दिएको कारण निर्माण लागत बढी हुन गएको देखिएको ।

१६.प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत शीत भण्डार गृह निर्माण गर्न आवश्यकता क्षेत्र नतोकी ७०% अनुदानको व्यवस्था गरेर सूचना प्रकाशित गर्नाले शीत भण्डार गृह निर्माणमा प्रतिस्पर्धा बढाउने भन्दा पनि कसरी अनुदानको रकम बढी प्राप्त गर्न सकिन्छ भनेर अनुदानग्राहीहरूले शीत भण्डार गृहको डिजाइन इष्टिमेट बनाएको देखियो।

१७.सफर एग्रो प्रा.लि. कैलालीले स्नेह एग्रो फर्म प्रा.लि.काभ्रेस्थली, काठमाडौं, कोशी कोल्ड स्टोर प्रा.लि.सुनसरी र निलम्बरी कोल्ड स्टोर प्रा.लि. सर्लाहीले काभ्रे कोल्ड स्टोर बुडोल, बनेपाको र ग्रीन फरेस्ट्री एग्रिकल्चर प्रा.लि. धनुषाले ग्रीन फरेस्ट्री एग्रिकल्चर प्रा.लि. बाँकेको प्रबन्धपत्र साधारणसभाको निर्णय अनुसार कम्पनीको नाम र ठेगाना र सेयर धनी परिवर्तन गरेको भनिएकोमा साधारण सभाको निर्णय संलग्न रहेको पाइएन।

१८.निजी सेवा प्रदायक संस्थाले सञ्चालन गरेका शीत भण्डार गृहहरूको भाडा दर भन्दा प्रस्तावित नेपाल सरकारको अनुदानमा निर्माणाधीन शीत भण्डार गृहको भाडा दर धेरै नै बढी देखिएको र सरकारबाट अनुदान लिएर पनि कृषकले पाउने सुबिधाको बारेमा सम्झौतामा केहि उल्लेख नभएको।

१९.शीत भण्डार गृह स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७४ अनुसार आ.बा २०७४ /०७५ मा छनौट भै सम्झौता भएका २ वटा शीत भण्डार गृह निर्माण कम्पनीहरु लाई आ.ब. २०७५/०७६ को असोजमा कार्यविधि संसोधन गरी बिगतमा सम्झौता भै कार्यान्वयन रहेका शीत भण्डारलाई पनि भ्याट फिर्ता गर्नेगरी कार्यविधिमा ब्यबस्था गरेको देखिएको |

२०.परियोजनाले सार्वजनिक-निजी साझेदारी अवधारणा अन्तर्गत तयार गरेको शीत भण्डार गृह निर्माण कार्यबिधि २०७४ नेपाल सरकारको पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन २०६३ अनुसार भएको नपाइएको | पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन २०६३ अनुसार २५ % भन्दा बढी अनुदान दिन नपाइने ब्यबस्था रहेको |

२१.अधिकांश शीत भण्डार गृह निर्माण व्यवसायीहरुले सम्झौतामा उल्लेख भए बमोजिमको भबन निर्माण आचार संहिताअनुसार स्थानीय निकायको स्वीकृति र वातावरणीय प्रभाव मुल्यांकन प्रमाणपत्र पेश नगरेको पाइएको ।

**(ङ)सुझावहरुः-**

राज्यले शीत भण्डार गृह निर्माणको लागि अनुदान व्यवस्था गरेको भए पनि यी शीत भण्डार गृहको सञ्चालन मोडालिटी स्पष्ट नहुनु, त्यसबाट राज्यले पाउने प्रतिफलको बारेमा सम्झौतामा केही उल्लेख नहुनु, अनुदान दिँदा शीत भण्डार गृहको अलावा अन्य निर्माण कार्यहरुलाई पनि अनुदान दिनु, कार्यविधि बनाउदा राज्यको अनुकूल भन्दा पनि व्यक्तिगत फाइदाको लागि पटक पटक संशोधन गरेको पाइएको। तसर्थ शीत भण्डार गृह निर्माण सम्बन्धमा देहाय बमोजिम सुझावहरू कृषि तथा पशुपन्छी विकास मन्त्रालयमार्फत आयोजनाले कार्यान्वयन गर्ने अपेक्षा लिइएको छ ।

१.प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना व्यवस्थापन इकाई खुमलटारबाट आ.व.२०७५/०७६को लागि वार्षिक स्वीकृत कार्यक्रम अनुसार स्वीकृत भएका ८ कम्पनी मध्ये पाँचवटा कम्पनीहरुलाई प्रथम किस्ता स्वरुप पेश्की रकम रु.१०,९३,६०,०००/- भुक्तानी दिइएकोमा पेस्की लिएर अझै सम्म निर्माण कार्य सुरु नगरेको फर्महरुको सम्बन्धमा कानून बमोजिम आवश्यक कारबाही गर्ने गराउने ।

२.कार्यविधि अनुसार प्रथम किस्ता भुक्तानीका लागि तय भएका क्रियाकलापहरु जस्तै होडिंगबोर्ड, main building structures work र foundation of column and beams आदि सम्पन्न भएपछी mobilization बापत प्रथम किस्ता पेस्की दिने भनेकोमा कतिपय शीत भण्डार गृह निर्माणको लागि यी सर्त पुरा नहुदै पनि पेस्की रकम दिएको देखिएकोले पेस्की दिने जिम्मेवार कर्मचारीलाई कानून बमोजिम आवश्यक कारबाही गर्ने र आयोगलाई जानकारी गराउने।

३.सम्भाव्यता अध्ययन र कुनै आधार बिना शीत भण्डारलाई अनुदान दिने भनी सुनियोजित तरिकाबाट जिल्लाहरु नै तोकेर बजेट र कार्यक्रम राखिएको, ती जिल्लाका स्थापित निजी क्षेत्रबाट संचालित शीत भण्डार गृह पूर्ण क्षमतामा सञ्चालन हुन नसकिरहेको अवस्थामा यी नयाँ बन्ने शीत भण्डार गृहको दिगोपनाको बारेमा पनि बेलैमा सोच्नुपर्ने, तुलनात्मकरुपमा संरचना निर्माणको लागत धेरै देखिएको र निजि उद्यमी र सरकारी अनुदानको लगानी क्षेत्र स्पष्ट नभएको देखिएकोले अनुदान दिँदा शीत भण्डार गृह र सोसँग सम्बन्धितलाई मात्र दिने व्यवस्था मिलाउने।

४.परियोजनाले सार्वजनिक-निजी साझेदारी अवधारणा अन्तर्गत तयार गरेको शीत भण्डार गृह निर्माण कार्यविधि २०७४ नेपाल सरकारको पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ अनुसार भएको नपाइएकोले सो अनुसार कार्यविधि परिवर्तन वा संशोधन गर्ने।

५.निजि क्षेत्रका लगानीमा वनेका शीत भण्डार गृहहरु पनि कच्चा पदार्थ अभावमा पूर्ण क्षमतमा सञ्चालन हुन् नसकेको अवस्थामा सम्भाव्यता अध्ययन बिना नै नेपाल सरकारकै लगानीमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत विभिन्न परियोजनाहरु, प्रदेश भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयहरु बाट निर्माण गरीने यी नयाँशीत भण्डार गृहको दिगोपनाको लागि संघिय मन्त्रालयले बेलैमा समन्वय र सहजीकरण गर्ने ।

६.संशोधित कार्यबिधि, २०७४ को बुदा ९ को (६) मा अनुदानको सही सदुपयोग सन्तोषजनक प्रगति तथा बित्तिय प्रगतिको आधारमा निकाशा दिइने, सम्झौता अनुसार निर्माण हुने शीत भण्डारगृह निर्माण पश्चात स्थानीय निकायमा समन्वय गरी गर्नु पर्ने, कम्तिमा तीन ओटा निर्माण व्यवसायीसंग दर भाउपत्र माग गरी न्यून रकम कबोल गर्ने निर्माण ब्यवसायी मार्फत निर्माण कार्य अगाडी वढाउनुपर्ने छ भनिएको छ ,यसरि राज्यबाट प्रदान गरीने करोडौ अनुदान रकम दर भाउपत्र मार्फत निर्माण गरीनु सार्वजनिक खरिद ऐन र नियमावली, २०६४ बिपरित कार्य भएको देखिएको र उक्त दर भाउ पत्र मार्फत निर्माण गर्दा कम रकम बोल कबोल भएमा शीत भण्डार गृह निर्माण कार्यमा वचत भएको रकमको बारेमा सम्झौतामा केही उल्लेख नभएकोले सम्झौता गर्दा निर्माण गर्दा वचत हुन जाने रकमको दायित्व नेपाल सरकारको कोषमा फिर्ता हुने ब्यवस्था गर्ने।

७.निर्माण व्यवसायी छनौट गरी Contract award गर्दा एकै पटक सबै निर्माण कार्यको लागि ठेक्का दिने कि सिभिल निर्माण, मेसिनरी जडान र Puf-panel लाई अलग अलग गरेर award गर्न सकिने नसकिने सम्बन्धमा के गर्ने र सम्बन्धित कोल्ड स्टोरको नाममा VAT बिल जारी गर्ने कि निर्माण व्यवसायीले जारी गरेको VAT विल कार्यालयमा पेश गर्ने भन्ने बिषयहरु सम्झौतामा नै उल्लेख गर्ने।

८.शीत भण्डार गृहको डिजाइन र इष्टिमेट तयार गर्दा एउटै प्रकृतिको शीत भण्डार गृह निर्माण कार्यको लागत पनि फरक फरक गरेको, अनुदान रकम पनि फरक गरेको र अनुदान दिदा स्पष्ट कार्यबिधि बिना व्यक्ति बिशेषको आधारमा धेरै थोरै गरेको र निलाम्बरी कोल्ड स्टोर्स सर्लाही र ग्रीन फरेस्ट्री प्रा.लि धनुषा एकै परिवार लाई दुई वटा अनुदान दिएको र अनुदान दिदा शीत भण्डार गृह निर्माण अलावा अन्य निर्माणहरु ( कर्मचारी आबास, चौकीदार घर, पर्खाल निर्माण ...) लाई पनि अनुदान दिएको कारण निर्माण लागत वढी हुन गएको देखिएको शीत भण्डार गृह

निर्माणको लागत र अनुदान रकम पुनर्विचार गर्नु पर्ने तथा लगत इष्टिमेटमा नेपाल सरकारले स्वीकृत गरेको Norms पालना हुनुपर्ने ।

९. कार्यविधिको बुदा नं ३ मा कृषि उपज भण्डारणको लागि शीत भण्डार गृह स्थापना गर्न कम्तिमा ५००० मेट्रिक टन क्षमताको मल्टी च्याम्बर शीत भण्डार गृहको लागि न्युनतम ६५००० वर्ग मिटर (१ बिघा) उपयुक्त जग्गा कम्पनीको आफ्नो नाममा वा प्रोपाइटरको नाममा हुनुपर्ने छ करार नामको जग्गा मान्य हुने छैन भनि उल्लेख भएकोमा संशोधित कार्यविधि २०७५ शेयर होल्डरको नामको जग्गामा पनि गर्न सकिने प्रावधान राखिएकोले उक्त बुंदा हटाई कम्पनीको नाममा मात्र जग्गा हुनु पर्ने ब्यवस्था गर्ने।

१०.निजि सेवा प्रदायक संस्थाले सञ्चालन गरेका शीत भण्डार गृहहरुको भाडादर भन्दा प्रस्तावित नेपाल सरकारको अनुदानमा निर्माणाधीन शीत भण्डार गृहको भाडा दर धेरै नै वढी देखिएकोले उक्त शीत भण्डार गृह निर्माणबाट राज्यले प्राप्त गर्ने प्रतिफल सुनिश्चित गर्ने।

११.प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले टपकन ईन्जिनियरिङ्ग कन्सलटेन्सि मार्फत शीत भण्डार गृहको डिजाइन इष्टिमेट र लागत अनुमान तयार गरे तापनि आयोजनाले प्रस्ताव आव्हान गर्दा आफ्नो आवश्यकता (requirements) र standard design उल्लेख नगरी सूचना प्रकासन गरेको कारण अनुदानग्राहीले आफ्नै किसिमले डिजाइन र इष्टिमेट पेशगरी अनुदान लागत वढाउने मनसाय देखिएकोले अनुदान दिदा मुख्य कोल्ड स्टोर गृहको सिभिल कार्य र मेसिनरी औजारमा मात्र निश्चित प्रतिशत अनुदानको ब्यवस्था गर्नु पर्ने देखिन्छ| यसै सन्दर्भमा कर्णाली प्रदेश भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले तयार गरेको कार्यविधि अनुसार सिविल निर्माण कार्यमा ३०% र मेसिनरी औजारमा ५०% अनुदानको ब्यवस्था परियोजनाले पनि अनुसरण गर्ने र अन्य निर्माण कार्यमा अनुदान नदिने ब्यवस्था गर्नु उपयुक्त हुने ।

१२.प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लगायत अन्य बैदेशिक लगानीमा संचालित आयोजनाहरु, प्रदेश मन्त्रालयहरु, स्थानीय निकायहरुले समेत सम्भाव्यता अध्ययन बिना नया शीत भण्डार गृह निर्माणमा अनुदान दिनु भन्दा उत्पादन मुलक कार्यमा लगानी गर्नुपर्ने र आगामी दिनहरुमा कृषि उपजहरु उत्पादन र खपतको आधारमा विभिन्न क्षमताका शीत भण्डार निर्माण गर्न स्थानीय निकाय, प्रदेश सरकार र संघिय सरकार बीच सहकार्य र प्रभाबकारी समन्वय सुनिश्चित गर्ने ।

..........................